बैठक संख्या-६ मिति २०६४।०६।१८

आज मिति २०६४।०६।१८ गते सोमबारका दिन धरान उप-महा नगरपालिका कार्य संचालन समितिको बैठक बसी तपसिलका निर्णयहरु गरियो।

उपस्थिति:

श्री टीकादत्त राई- कार्यकारी अधिकृत-धरान उप-महा न.

आमन्त्रित:

श्री गणेशप्रसाद खतिवडा- व. प्रशासकिय अधिकृत-

श्री खगेन्द्रप्रसाद खतिवडा- व. कर अधिकृत

श्री सुरज श्रेष्ठ- व. ईन्जिनियर

श्री रमेश शाह- व. आ. ले. प.

श्री भेषराज अधिकारी- व. लेखा अधिकृत

श्री राजु पोखरेल- - इन्जिनियर

श्री सुशील नेपाल- सामाजिक विकास अधिकृत

निर्णयहरु:

(१) करारमा नियुक्ति गर्ने सम्बन्धमा- एशियाली विकास बैंक तथा नेपाल सरकारको ऋण तथा अनुदान सहयोगमा यस उप-महा नगरपालिकाद्वारा संचालित एकीकृत शहरी विकास कार्यक्रमका लागि आवश्यक सिभिल ईन्जिनियर पद संख्या १(एक) का लागि पदपुर्ति समितिको मिति २०६४।०६।०१ गतेको सिफारिस अनुसार स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २१८ (१) क अनुसार धरान १२ निवासी ई. श्री शैलुज श्रेष्ठलाई कार्यक्रम अवधि भरकालागि मिति २०६४।०६।०६ गते देखि लागू हुने गरी करार सम्झौता बमोजिम कार्यालयले करार सेवामा दिएको नियुक्तीको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

(२) सिफारिस दस्तुर सम्बन्धमा:- यस उपमहा नगरपालिकाले यस पुर्व घरबाटो तथा घर कायमको सिफारिस मालपोत प्रयोजनका लागि संयुक्त रुपमा गरि आएकोमा अभिलेख व्यवस्थापनका लागि उक्त सिफारिस अलग अलग गर्नु पर्ने देखिएकोले अब उप्रान्त घर कायम र घरबाटो सिफारिस अलग अलग गर्ने र प्रति घर कायम सिफारिस पछि नगरपरिषदबाट अनुमोदन गर्ने गरी सिफारिस दस्तुर रु १०००।- (एक हजार) मात्र लिने निर्णय गरियो।

क्र.म.स.

(उ) नगर प्रहरी उपशाखाबाट प्रेषित प्रतिवेदन सम्बन्धमा:- यस कार्यालयमा यहि मिति २०७२।०६।१८ गते नगर प्रहरी उप शाखाबाट प्रेषित प्रतिवेदन माथि अध्ययन तथा छलफल गरियो। स्थानीय स्वायत्त शासन, २०५५ बमोजिम प्रतिवेदनमा उल्लेख गएका विषयहरु मध्ये चर्पिको पानी ढलमा मिसाएको, छाडा चौपायाहरु र प्लास्टिक झोला प्रतिबन्धमा प्रयोग गर्नेहरुलाई गरेको जरिवाना अनुमोदन गर्ने र विभिन्न समयमा बजार व्यवस्थापनका लागि खाद्य जन्य पदार्थहरुको अनुगमन तथा सुपरभिजन गरिएको कार्यलाई आगामी दिनमा क्रमशः व्यवस्थित गर्दै लैजाने साथै प्रतिवेदनले औंल्याएका सकारात्मक सुझावहरुलाई आगामी नीति तथा कार्यक्रमहरुमा समेट्दै लैजाने समेत निर्णय गरियो।

आजको बोर्ड बैठक बिहान १०बजे समापन गरियो।

माइन्युटकर्ता- भक्तिराज शर्मा सूचना अधिकृत [illegible]